# छात्रवृत्ती तथा विद्यार्थी वस्तुगत सहायता कार्यविधि २०७८

**प्रस्तावनाः** नेपालको संविधानले शिक्षालाई मौलिकहकमा राखेको छ।बालबालिकाको हक, महिलाको हक, जनजाति तथा पिछडिएकाको लागि संरक्षणको विशेष व्यवस्था गरेकोछ। नेपालले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, दिगो विकासका लक्ष्य नं ४ मा गुणस्तरीय तथा समावेशी शिक्षामा पहुँच र जीवनपर्यान्त शिक्षाको प्रवर्धन गर्ने एजण्डा तय गरिएको छ । नेपालको संविधानले शिक्षालाई मौलिक हकमा रखेको छ । माध्यमिक शिक्षा सम्मको हक स्थानीय सरकार मातहत राख्दै छात्रवृत्ती कार्यविधि निर्माण गरी कार्यान्वियन गरे पनि त्यसले पुर्नसंरचित नेपालको शासकीय प्रणाली र स्थानीय सरकारको कार्य क्षेत्र अनुसार तादातम्यता मिलाउदै सुविधा विहिन तथा आर्थिक सामाजिक रुपमा पछि परेका सुनवलका बालबलिका तथा विद्यालय र उच्च शिक्षा उमेरमा युवाहरुलाई शिक्षामा सहज पहुँचको सुनिशिचतता गर्न दिइने छात्रवृत्ती तथा अन्य वस्तुगत सहायतालाई व्यवस्थित गर्न वान्छनीय भएकाले सुनवल नगरपालिका नगर शिक्षा ऐन २०७८ अनुसार यो कार्यविधि जारी गरिएको छ ।

## kl/R5]b – !

### नाम र परिभाषा

१. नाम र प्रारम्भः १ यो कार्यविधिको नाम छात्रवृत्ती तथा विद्यायर्थी वस्तुगत सहायता कार्यविधि २०७८ रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. यो कार्यविधि सुनवल नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालय र सुनवल नगपालिका स्थायी घर ठेगना भएका नागरिकको हकमा लागु हुनेछ ।

**२. परिभाषाः** १. शिक्षा ऐन भन्नाले सुनवल नगरपालिका शिक्षा ऐन बुझाउछ ।

२. गरिवको रेखा मुनी रहेका बालबालिका भन्नाले नेपाल सरकारले गरिवीको परिचयपत्र दिएका वार्षिक आम्दानी १९२७२ प्रति व्यत्ति वार्षिक आयभन्दा कम भएकोलाई वुझ्नुपर्दछ ।

३. वहुआयमिक गरिवीमा रहेका बालबालिका भन्नाले सिमान्तकृत लोपउन्मुख आधारभुत आवश्यकताबाट वञ्चित आफ्नो घर वास नभएका आवश्थालाई बुझ्नुपर्दछ ।

४. अभिभावक विहिन बालबालिका भन्नाले पितृत्वको ठेगान नभएका वावु आमावाट विछोडमा परेका, संरक्षणको अभावमा रहेका बालश्रम, शोषण वा हिंसामा परेका बालबालिका लाई बुझ्नुपर्दछ ।

५. "सहिद परिवार" भन्नाले बालबालिकाका आफ्नै वुवा/आमा राजनीतिक परिर्वतनको सन्दर्भमा राज्याले सहिद घोषणा गरी पहिचान र सम्मान गरेका अभिभावकका छोरा छारीलाई बुझाउछ ।

६. द्वन्द्ध पिडित, घाइते वा आपांग पिडित बालबालिका भन्नाले द्वन्द्धमा राज्य वा गैर राज्यपक्षवाट अभिभावक गुमाएका, घाइते वा अंग भंग भएका वावु आमाका छोराछोरीलाई वुझाउछ ।

७. "सुनवल नगरपालिकाको स्थायी बासिन्दा" भन्नाले नगरपालिकामा वसाइसराई गरिआएका वा मतदाता सुचिमा नाम समावेश भएका र स्थायी रुपमा निरन्तर वसोवास गरिरहेका नागरिकलाई वुझाँउछ ।

८. "निःशुल्क शिक्षा ऐन" भन्नाले सघीय सरकारको निःशुल्क शिक्षा सम्बन्धी ऐनलाई बुझाउछ ।

९. प्रमुख भन्नाले सुनवल नगरपालिकाका नगर कार्यपालिका प्रमुख, उपप्रमुख भन्नाले सुनवल नगरपालिकाका उपप्रमुख र कार्यपालिका सदस्य भन्नाले सुनवल नगरपालिकाका सदस्यहरु बुझाउछ ।

१०. "प्रशासकिय प्रमुख" भन्नाले सुनवल नगर कार्यपालिकाका प्रमुख प्रशासकिय अधिकृतको रुपमा कार्यगर्न तोकिएको कर्मचारीलाई बुझाउछ ।

११. "भूमिहिन दलित, भूमिहिन सुकुम्बासी" भन्नाले सुनवल नगरपालिकामा वसोवास गर्दै आएका न्युनतम जग्गा समेत नभएका सुकुम्बासीमा आवेदन दिएका नागरिकलाई बुझ्नुपर्दछ ।

१२."वस्तुगत सहायता" भन्नाले विद्यालय वा क्यापसमा अध्ययनरत बालबालिका (१८ वर्ष भन्दा कम उमेरका) लाई शिक्षामा सहयोग पुग्ने शैक्षिक सामग्री कापी, कलम, पुस्तक, कपडा (ड्रेस), झोला, कम्प्युटर आदिलाई बुझाउछ ।

१३. "छात्रवृत्ती निर्देशिका" भन्नाले नेपाल सरकारबाट जारी भएको छात्रवृत्री वितरण कार्यान्वियन कार्याविधिलाई बुझाउछ।

१४. सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारवाट नियमित अनुदान जाने र सस्थागत विद्यालय भन्नाले कुनै पनि अनुदान नपाउने विद्यालय भन्ने बुझाउछ ।

१५. समिति भन्नाले नगर छात्रवृत्ती समितिलाई वुझाउछ ।

१६."उच्च शिक्षा" भन्नाले स्नातक वा स्नाकोत्तरतह लाई वुझ्नुपर्दछ।

**३. छात्रवृत्री वितरण समिति:**

१. सुनवल नगरपालिकाले नगरपालिकाभित्र विद्यालयमा अध्ययनरत बालबालिका वा नगरवासी बालबालिका उच्च शिक्षासम्मको अध्ययनमा सहायता प्रदान गर्ने वस्तुगत सहायता वा छात्रवृती सम्बन्धमा छनोट गर्न, कार्यान्वियनमा सहजीकरण गर्न, व्यवस्थापन गर्न आवश्यक नीति रणनीति तयर गर्न देहाय वमोजिम एक नगर छात्रवृत्ती समिति रहने छ।

क) नगर प्रमुख – अध्यक्ष

ख) उपप्रमुख – सदस्य

ग) शिक्षा समितिवाट मनोनित एक जना महिला सहित २ जना शिक्षाविद् – सदस्य

घ) कार्यपालिका बाट छनोट भएका १ जना दलित र १ जना महिला – सदस्य

ङ) सामाजिक समितिका संयोजक – सदस्य

च) स्थानीय शिक्षामा काम गर्ने सरकारी संस्थाहरुवाट प्रमुखले मनोनित गरेको १ जना – सदस्य

छ) संस्थागत विद्यालय PABSON का अध्यक्ष – सदस्य

ज) शिक्षाक महासंघ नगर अध्यक्ष – सदस्य

झ) प्रशासकिय प्रमुख – सदस्य

ञ) लक्षित समूहको प्रतिनिधित्व हुने गरी शिक्षा समितिले मनोनित गरेका १ जना

ट शिक्षा शाखा प्रमुख – सदस्य सचिव

**स्पष्टिकरण**: दफा ३(१) को (घ) वाट मनोनित गर्दा प्रमुख र उपप्रमुख एकै पाटिको भएमा फरक दलको सदस्यवाट मनोनित गर्नुपर्ने छ। तर कार्य पालिकामा फरक पाटिको प्रतिनिधित्व नभएमा एउटै पार्टीबाट मनोनित गर्न वाधा परेको मानिने छैन ।

२. समितिको काम कर्तव्य र अधिकारहरु:

छात्रवृत्ती समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

क) विद्यालय तथा उच्च शिक्षाका लागि छात्रवृत्ती प्रदान गर्न सूचना प्रकाशन गर्ने ।

ख) नगरपालिका शिक्षा ऐन तथा नियमावली अनुसार विद्यालयले प्रदान गर्नुपर्ने छात्रवृत्ति विद्यार्थीहरुले पाए नपाएको अनुगमन तथा व्यवस्थापन गर्ने

ग) निवेदन उपर छानविन गर्ने र गराउने

घ) विद्यालयहरुले प्रदान गरेको छात्रवृत्ति वास्तविक लक्षित वर्गले पाए नपाएको अनुगमन गर्ने, विद्यालय छात्रवृत्ति वितरण समितिले विद्यार्थीलाई छात्रवृत्तिबाट वञ्चित गराएको विषयमा परेको निवेदन उपर पुनरावलोकन गरी उचित र न्याय संगत रुपमा समस्याको टुंगो लगाउने ।

ङ) विद्यालय स्तरीय छात्रवृत्ति वितरण समितिबाट कार्य प्रगति प्रतिवेदन माग गरी छात्रवृत्ति उपलब्धताको स्थिति विश्लेषण गर्ने।

च) छात्रवृत्ती वा वस्तुगत सहायताको रकम एकिन गर्ने

छ) छात्रवृत्ती प्राप्त/वस्तुगत सहायता प्राप्त बालबालिका अध्ययन निरन्तरता गर्ने

ज) छात्रवृत्ती/वस्तुगत सहायता प्राप्त गरी पढाइ छोडेमा असुल उपर गरी कालो सुचिमा राख्ने

झ) विद्यार्थी सहायताको लागि थप मापदण्ड तोक्ने

ञ) संस्थागत विद्यालयबाट शिक्षा ऐन २०७८ ले तोके अनुसार कार्यान्वियन गरे नगरेको अनुगमन गरी कार्यान्वियन गर्ने

ट) जनचेतना अभिवृद्धि गर्ने

ठ) छात्रवृत्ती वा विद्यार्थी सहायता, अभिभावकत्व ग्रहणका लागि उद्योग, व्यापारी, चन्दादाता पहिचान र प्रोत्सहान गर्ने

ड) छात्रवृत्ती/विद्यार्थी सहायताका लागि आवश्यक वजेट पूर्वानुमान गर्ने ।

ढ) विद्यालय स्तरीय छात्रवृत्ति वितरण समितिबाट कार्य प्रगति प्रतिवेदन माग गरी छात्रवृत्ति उपलब्धताको स्थिति विश्लेषण गर्ने।

ण) छात्रवृत्ति व्यवस्थापन सम्बन्धी नीति तर्जुमाका लागि नगरपालिका समक्ष राय सुझाव पेश गर्ने।

३. विद्यालय तहको छात्रवृत्ति वितरण समिति सम्बन्धी व्यवस्था विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति वितरण समितिको गठन गर्नुपर्नेछ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष– संयोजक

ख) सम्बन्धित वडा अध्यक्ष वा वडा समितिको सदस्य सदस्य

ग) नगरपालिकाको सम्वन्धित क्षेत्र हेर्ने शाखा अधिकृत वा विद्यालय निरीक्षक– सदस्य .

घ) विद्यालय व्यवस्थापन समितिका एकजना महिला सदस्य– सदस्य

ङ) विद्यालयमा रहेको शिक्षक अभिभावक संघकोअध्यक्ष– सदस्य

च) विद्यालयको प्रधानाध्यापक– सदस्य सचिव

२ समितिको बैठक सम्वन्धी व्यवस्था समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। वैठक सम्बन्धी कार्य विधि समिति आँफैले व्यवस्थित गर्न सक्नेछ। समितिले वैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

३ विद्यालय छात्रवृत्ति वितरण समितिको काम, कर्तव्य र अधिकारः छात्रवृत्ति वितरण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ।

क.) विद्यालयले चालू शैक्षिक सत्रको कक्षागत विद्यार्थी संख्याको आधारमा दश प्रतिशत छात्रवृत्ति कोटा एकिन गर्ने र सोको जानकारी शैक्षिक सत्र शुरुभएको दुई महिनाभित्र नगरपालिका स्तरीय छात्रवृत्ति व्यवस्थापन समितिलाई गराउने।

ख) नगरपालिका स्तरीय छात्रवृत्ति व्यवस्थापन समितिले दिएको निर्देशानुसार विद्यालयले सार्वजनिक सूचना प्रकाशन गरी आवेदन लिने व्यवस्था गर्ने।

ग) प्राप्त आवेदनहरु छानविन गरी नगरपालिकाको समन्वयमा परीक्षा समिति गठनगर्ने र परीक्षाको मिति तोकि परीक्षा सञ्चालन गर्ने।

घ) परीक्षामा उर्त्तिण हुने हरुको हकमा कक्षागत र आरक्षित समूहको योग्यता क्रमको आधारमा छात्रवृत्तिको अन्तिम नामावली सहितको नतिजा तयार गरी विद्यालयमा सूचना प्रकाशित गर्ने ।

ङ) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरुलाई निःशुल्क शिक्षा प्राप्त हुने व्यवस्था मिलाउने।

च) यसरी छात्रवृत्ती वितरण गर्दा पूर्ण छात्रवृत्तिको हिसावले हुन आउने जम्मा विद्यार्थी संख्याको परिमाण नघट्ने गरी पूर्ण वा आंशिक दुवै खालको छात्रवृत्ति प्रदान गर्न सकिनेछ।

छ) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरुलाई निजको मञ्जुरी वेगर आवास, भोजन, यातायात जस्ता विषयमा सेवा लिनैपर्ने, बस्नैपर्ने जस्ता बाध्यात्मक परिस्थिति सिर्जनागर्न पाइने छैन ।

ज) छात्रवृत्री छनोट भएका बालबालिकाको नाम नगर छात्रवृत्ति वितरण समितिमा पेश गर्ने।

झ)छात्रवृत्तिप्रदान गरेको प्रक्रिया तथा छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको नाम नामेसी विवरण शैक्षिक सत्र शुरुभएको साठीदिनभित्र सोको प्रतिवेदन नगरपालिका स्तरीय छात्रवृत्ति व्यवस्थापन समितिलाई अनिवार्य रुपमा बुझाउने।

## परिच्छेद पाँच

५.४ छात्रवृत्ति कोटा निर्धारण सम्वन्धी व्यवस्था

क) विद्यालयले चालु शैक्षिक सत्रमा भर्ना भई अध्ययनरत कुल विद्यार्थीको दशप्रतिशत कोटा छात्रवृत्तिको लागि छुट्टायाउनु पर्नेछ । यसरी छुट्टायाइएको छात्रवृत्ति कोटा आधारभूत तथा माध्यमिक तहको लागि दश प्रतिशतका दरले हुने गरी व्यवस्था गर्नु पर्नेछ । कुन कक्षाको कोटा कुन आरक्षित वर्गको लागि हो भन्ने विषय विद्यालय छात्रवृत्ति वितरण समितिले निर्धारण गर्नेछ । तर कक्षा ११ र १२ को लागि छुट्टा छुट्टै १० प्रतिशतले हुने गरी कोटा निर्धारण गर्नु पर्नेछ ।

५.२ छात्रवृत्तिमा विद्यार्थी छनौट गर्ने प्रक्रिया

क) सबै विद्यालयहरुले बुदाँनं ५.१ अनुसार चालु शैक्षिक सत्रको विद्यार्थी संख्याको आधारमा दश प्रतिशतले हुन आउने छात्रवृत्ति कोटा निर्धारण गरी शैक्षिक सत्र शुरु भएको एक महिनाभित्र सम्बन्धीत विद्यालयले नै सार्वजनिक सूचना जारी गर्ने गरी आवेदन लिने व्यवस्था मिलाउनु पर्नेछ । त्यसरी आवेदन लिंदा विद्यार्थीको स्थायी ठेगाना भएको सम्बन्धित वडा कार्यालयको सिफारिस पेश गर्न लगाउनु पर्नेछ ।

ख) विद्यालयहरुले यसरी प्राप्त आवेदनहरु छानविन गरी आवेदकहरुको सूचि प्रकाशन गर्ने र छात्रवृत्ति छनौटका लागि नगरपालिकासँगको समन्वयमा  छानविन तथा सत्य निरुपण मिति तयगरी परीक्षा संचालन गर्ने र तोकिएको आरक्षणको परिधिमा रहि योग्यताक्रम कायम गरी नतिजा प्रकाशन गर्नु पर्नेछ ।

ग) विद्यार्थीले छात्रवृत्तिको लागि दिने निवेदनको ढाँचा अनुसूची १ वमोजिम हुनेछ।

घ) निवेदन साथ अनुसूची २ बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

५.३ परीक्षा सञ्चालन गर्नुपर्ने

क) कक्षा ११ को छात्रवृत्ति छनौटको लागि लिखित परीक्षा संचालन गर्नुपर्नेछ । छात्रवृत्ति छनौटका लागि लिइने लिखित परीक्षाको भार ८० प्रतिशत र विद्यार्थीले प्राप्त गरेको औसत स्तरीकृत अंक (GPA) को भार २० प्रतिशत सहित कुल १०० पूर्णाङ्क रहनेछ ।

ख) नगरपालिकासँगको समन्वयमा छात्रवृत्ति वितरण समितिले आवश्यकता अनुसार थपअन्य परीक्षाको साधनहरु पनि अपनाउन सक्नेछ।

ग) तोकिएको कोटाभित्र तोकिएको भन्दा कम वा कोटा अनुसार कै मात्र आवेदन परेमा आवेदकहरुलाई अन्तरवार्ताको आधारमामात्र पनि छनौट गर्न सकिनेछ ।

घ) अन्य कक्षाको हकमा छात्रवृत्ति वितरण समितिले आवश्यक प्रकृया अपनाई छात्रवृत्तिको लागिछनौट गर्नेछ ।

५.४ विशेष अधिकार

क) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि छात्रवृत्ति छनौटका लागि विद्यालयस्तर वा नगरस्तरमा परीक्षा संचालन गर्ने लगायतका अन्य विषयमा समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

५.५ सामुदायिक विद्यालयको कक्षा ११ मा छात्रवृत्ति व्यवस्थापन

क) सामुदायिक विद्यालयहरुले कक्षा ११ मा छात्रवृत्ति प्रदान गर्ने कोटा निर्धारण गर्ने तथा छनौट गर्ने प्रकृया सम्वन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णय वमोजिम हुनेछ ।

ख) विद्यालय व्यवस्थापन समितिले कक्षा ११ का लागि छात्रवृत्तिमा विद्यार्थी छनौट गर्दा कम्तिमा ५० प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गरेका विद्यार्थी छनौट गर्नु पर्नेछ।

५.६ छात्रवृत्ति नपाउने अवस्था

कुनै कक्षामा छात्रवृत्ति पाएको विद्यार्थी निम्न अवस्थामा माथिल्लो कक्षामा छात्रवृत्ति प्राप्त गर्न ग्राह्य हुनेछैनन्।

१) जम्मा विद्यालय खुलेको दिनको सत्तरी प्रतिशत हाजिरी नभएमा,

२) कक्षा उत्तीर्ण गर्न नसकेमा वा कुनै दुई भन्दा बढी विषयमा निर्धारित न्युनतम आवश्यक ग्रेड प्राप्त गर्न नसकेमा,

३) गलत वा झुठा विवरण भरेको प्रमाणित भएमा र

४) प्रचलित कानुन र विद्यालयले तयार गरेको आचार संहिता उल्लंघ नगरेको प्रमाणित भएमा।

५.७ छात्रवृत्तिमा निरन्तरता

दफा ५.६ को अवस्था नभएमा कक्षा एकमा छनौट भएको विद्यार्थीले कक्षा पाँचसम्म, कक्षा छमा छनौट भएको विद्यार्थीले कक्षा आठसम्म, कक्षा नौमा छनोट भएको विद्यार्थीले कक्षा दशसम्म र कक्षा एघारमा छनौट भएको विद्यार्थीले कक्षा बाह्रसम्म छात्रवृत्ति पाउनेछ । तर कक्षा प्रथम र द्वितीय भए वापत पाएको जेहेन्दार छात्रवृत्तिको हकमा यो व्यवस्था लागू हुनेछैन ।

५.८ कार्य सम्पन्न गर्ने अवधि

क) छात्रवृत्ति छनौट कार्य शैक्षिक सत्रशुरु भएको दुई महिनाभित्र कार्य सम्पन्न गरी सक्नु पर्नेछ।

ख) छात्रवृत्ति छनौट सम्वन्धि कार्य सम्पन्न गरी प्रतिवेदन पेशगर्ने अवधि कक्षा दससम्म जेठ मसान्त, कक्षा ११ को हकमा भाद्रमसान्त सम्म र कक्षा १२ को हकमा कक्षा ११ को अन्तिम नतिजा प्रकाशित भएको मितिले एकमहिना भित्र हुनेछ ।

ग) छात्रवृत्ति व्यवस्थापन कार्य योजना अनुसूची ३ वमोजिम हुनेछ ।

## परिच्छेद छ

६. उच्च शिक्षा छात्रवृत्ती छनोट सम्बन्धी व्यवस्था

क) हरेक आर्थिक वर्षको मंसीर महिनामा छात्रवृत्तीको लागि सूचना प्रकाशन गर्ने, (१ महिना अवधि) स्थानीय पत्रपत्रीका र सञ्चारमाध्यम प्रयोग गर्ने ।

ख) आवेदन समय समाप्त भएको १५ दिन भित्र सत्यपान गर्ने

ग) छानविन पश्चात गरिवी , विपन्नता , भुमिहिन, सुकुमबासी, दलित , लोपन्नमुखका बालबालिका लाई छात्रवृत्तीको लागि छनोट गरी नामावली प्रकाशन गर्ने ।

घ) छात्रवृत्ती छनोट भएका विद्यार्थीको व्यत्तिगत खातामा रकम पठाउने व्यवस्था गर्ने ।

ङ) सुनवल भित्र अध्ययन गर्ने, प्रविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको लागि शुल्कको २० % सम्म रकम उपलब्ध गराउने ।

सर्तनामा गर्नुपर्ने :

१. उच्च शिक्षामा नगरपालिकावाट प्राप्त छात्रवृत्तीमा अध्ययन गर्ने विद्यार्थीले कम्तिमा १ वर्ष नगरपालिका भित्र तोकेको सेवा सुविधा सहित स्वयसेवा गर्नुपर्ने छ।
२. यस सम्बन्धी मञ्जुरीनामा अभिभावकको उपस्थितिमा विद्यार्थीले गर्नुपर्ने छ ।
३. स्वय सेवा गर्न नचाहने व्यत्तिले नगर विद्यार्थी सहायता कोषमा अध्यय सकेको २ वर्ष भित्र लिएको छात्रवृत्ती वरावरको रकम जम्मा गर्नपर्ने छ ।
४. रकम जम्मा नगरेमा सरकारी वाँकी सरह असुलउपर गरिनेछ ।

६.१आरक्षण सम्बन्धी व्यवस्था।

६.१.१ जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, जनआन्दोलन तथा मधेश आन्दोलनका घाइते, वेपत्ता तथा शहीद परिवारका सन्ततिहरुले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित गर्न आरक्षणको व्यवस्थालाई देहाय अनुसार व्यवस्थित गरिएको छः

क) संस्थागत विद्यालयले तथा कक्षा ११ र १२ मा मासुदायिक विद्यालयले परीक्षा लिएर विद्यार्थी छनौट गरी प्रदान गर्ने कुल दशप्रतिशत छात्रवृत्तिलाई शतप्रति मानी देहायको आधारमा कोटा आरक्षित गर्नु पर्नेछ।

१. जेहेन्दारः ३७ प्रतिशत

२. गरीब तथा विपन्नः ३६ प्रतिशत

३. आदिवासी, जनजातिः १० प्रतिशत (अनुसूची ४ वमोजिमका)

४. दलितः ५ प्रतिशत (अनुसूची ५ वमोजिमका)

५. अपाङ्गः ३ प्रतिशत

६. (क) ऐतिहासिक जनआन्दोलन र सशस्त्र संघर्षका घाइतेका सन्तति : ३ प्रतिशत

ख) शहिदका सन्तति : २ प्रतिशत

ग) बेपत्ता परिवारका सन्ततिः २ प्रतिशत

घ) मधेश आन्दोलनका घाइतेका सन्ततिः २ प्रतिशत

ख) यसरी छुट्टाइएको प्रत्येक आरक्षित समूहको ५० प्रतिशत कोटा छात्राहरुको लागि सुरक्षित गर्नुपर्नेछ। छात्राहरुको कोटा पूर्ति हुन नसकेमा सो कोटामा छात्रहरुलाई प्रदान गर्न सकिनेछ।

ग) माथी उल्लेखित आरक्षणहरु मध्ये एक विद्यार्थीले कुनै एक आरक्षण समूहबाट मात्र आवेदन दिन पाउनेछ।

घ) यसरी आरक्षित गरिएको कोटा अन्तर्गत विद्यार्थीको आवश्यक आवेदन नपरेमा सो कोटाको छात्रवृत्ति अन्यकोटा अन्तर्गत दिनु पर्नेछ।

ङ) छात्रवृत्ति कोटाको प्राथमिकीकरण गर्दा सबैभन्दा बढी कोटा निर्धारण गरिएकोलाई पहिलो प्राथमिकता दिनु पर्नेछ। बराबर कोटा निर्धारण गरिएको हकमा भने माथि उल्लेख गरिएको प्राथमिकता क्रम अनुसार हुनेछ।

च) कक्षा एघार र बाह्रमा छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा सोही कक्षामा भर्ना भएका विद्यार्थीहरु मध्ये सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण गरेका विद्यार्थीहरुलाई ५० प्रतिशत भन्दा कम नहुने गरी समानुपातिक रुपमा वितरण गर्नुपर्नेछ।

## परिच्छेद सात

### ७. विद्यार्थी वस्तुगत सहायता सम्बन्धी व्यवस्था

१. कक्षा ८ सम्म अध्ययनरत बालबालिका यस कार्यविधि वमोजिम छात्रवृत्ती योग्य भएको र अध्ययनलाई निरन्तरता दिन छात्रवृत्तीले मात्र नपुग्ने अवस्था भएमा अध्ययनका लागि सहयोग गर्ने वस्तुगत सहायता उपलब्ध गराउनु संवन्धित विद्यालय र नगरपालिकाको कर्तव्य हुनेछ।

२. विद्यार्थीलाई दिने वस्तुगत सहायता संकलन गर्ने तथा वितरण गर्ने जिम्मा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यपकको हुनेछ । यस कार्यमा विद्यालयका शिक्षक अभिभावक संघले नेतृत्व गर्नेछ ।

३. वस्तुगत सहायता उपलब्ध गराउदा कम्तिमा १ शैक्षिक सत्रको लागि अवश्यक गर्ने शैक्षिक सामग्री, ड्रेस तथा अन्य सामग्री उपलब्ध गराउनु पर्नेछ । नगरपालिकाले निर्णय गरी स्थानीय पाठ्यपुस्तक तथा थप शैक्षिक सामग्री वा नेपाल सरकारवाट पाठ्यपुस्तक वापत विनियोजित रकमले नपुग्ने भएमा विद्यार्थीलाई कुनै पनि वित्तीय भार नपर्ने गरी थप अनुदानको व्यवस्था गर्नुपर्नेछ ।

४. संस्थाथत विद्यालयमा अध्ययन गर्ने बालबालिकाको हकमा यो दफा अनिवार्य हुने छैन । संस्थागत विद्यालयले चाहेमा अध्ययनरत वालवालिकालाई सिकाइ सामग्री उपलब्ध गराउन सक्नेछ । यसरी वस्तुगत सहायता उपलब्ध गराएका वालवालिकाबाट कुनै थप शुल्क वा दायित्व सृजना गर्न पाइने छैन् ।

५. वस्तुगत सहायता सम्बान्धी कार्यमा नगरबाल सञ्जाल, विद्यालय वाल सञ्जाल परिचालन गर्न सकिने छ ।

६. वस्तुगत सहायता र छात्रवृत्ती प्राप्त गर्ने ८ कक्षा सम्मका विद्यार्थीको यातायत, ल्याब  वा परिक्षा फिस जस्ता कुनै पनि शुल्क लिन पाइने छैन ।

७. अनिवार्य आधारभुत शिक्षा सम्बन्धी व्यवस्था :

क) आधारभुत तह उर्तिण नगरेका बालबालिकालाई विद्यालयमा ल्याउने कार्य सम्बन्धी विद्यालय हुनेछ ।

ख) आधारभुत तह अध्ययन गर्दै छोडेका बालबालिका विद्यालय नपठाउने अभिभावकलाई नगरपालिकाले कार्वाही गर्न सक्नेछ ।

ग) विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय सम्म ल्याउने कार्य गर्ने नागरिक समाज, वाल सञ्जाल , शिक्षक वा अन्यलाई नगरपालिकाले शैक्षिक दुतको रुपमा सम्मान गर्न सक्नेछ ।

७.१ विविध

७.१.१ यस कार्यविधि वमोजिम हुनेः

क) विद्यालयमा वितरण हुने छात्रवृत्ति यस कार्यविधि वमोजिम हुनेछ ।

ख) सामुदायिक विद्यालयमा नेपाल सरकारले उपलब्ध गराउने छात्रवृत्ति सोही निर्देशिका वमोजिम हुनेछ ।

७.१.२ जिम्मेवार हुनु पर्नेः

क) नगरपालिका तथा विद्यालय तहको छात्रवृत्तिको व्यवस्थापनका लागि बैठक बोलाउने, कोटा एकिन गर्ने, परीक्षा सञ्चालन गर्ने, नतिजा प्रकाशन तथा सिफारिस लगायतका काम समयमै सम्पन्नगर्नको लागि नगरपालिकाको हकमा शैक्षिक प्रशासन शाखा प्रमुख तथाविद्यालयकोहकमाविद्यालयकोप्रधानाध्यानापककोजिम्मेवारीरहनेछ।

७.१.३पुनरावेदनदिनसकिनेः

क.)

छात्रवृत्तिवितरणसमितिलेकुनैकारणजनाईविद्यार्थीलाईछात्रवृत्तिबाटबञ्चितगराएमासम्बन्धितविद्यार्थीवानिजकोअभिभावक लेसोकोजानकारीपाएकोमितिलेसातदिनभित्रनगरपालिकास्तरीयछात्रवृत्तिव्यवस्थापनसमितिसमक्षपुनरावेदनदिनसक्नेछ।

७.१.४जरिवानाःक)

कुनैविद्यालयलेयसकार्यविधिमातोकिएवमोजिमछात्रवृत्तिसम्वन्धिकार्यनगरेमावाउपलब्धनगराएमानगरपालिकालेविद्यार्थीसं

ख्याकोआधारमापन्ध्रहजाररुपैयाँसम्मजरिवानागरीयसकार्यविधिअनुसारछात्रवृत्तिउपलब्धगराउनलगाउनेछ।ख) यसरीनिर्देशनदिंदापनिअटेरगर्नेविद्यालयलाईनगरपालिकालेजरिवानारकमरदशप्रतिशतलेहुनआउनेछात्रवृत्तिरकमनगरशिक्षा कोषमाजम्मागर्नलगाउनेछ।

७.१.५ बैठकभत्ता छात्र वृत्ति व्यवस्थापन समिति, छात्रवृत्ति छनौट परीक्षा समिति तथा सो अन्तर्गत बनेका उपसमितिका सदस्य, आमन्त्रित सदस्य तथा सो काममा खटिने कर्मचारीले समितिले तोकिदिए बमोजिमको बैठक भत्ता र सुविधा पाउनेछन्।

७.१.६ अधिकार प्रत्यायोजन समितिले आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार समितिको कुनै सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

७.१.७ अनुसूचि माहेरफेरः यस अनुसूचिमा लेखिएको विषयवस्तुका अतिरिक्त अन्य विषयहरु थप गर्न आवश्यक देखिएमा नगरपालिकाले अन्य विषयवस्तु थप तथा हेरफेर गर्न सकिनेछ।

७.१.८ बाधा अड्काउ सम्वन्धि व्यवस्थाः

क) यस कार्य विधिमा तोकिएको अवधिभित्र छात्रवृत्ति छनौट प्रकृया पूरा हुन नसकेमा नगरपालिकाले सो अवधि समाप्त भएको एक महिनाभित्र यस कार्य विधिको दफा ७.१.४ वमोजिमको जरिवाना वापतको रकम असुल उपर गरी छनौट प्रकृया प्रारम्भ गर्न सम्बन्धित विद्यालयलाई निर्देशन दिनेछ ।

ख) सुनवल नगरपालिकाभित्र सबै विद्यालयहरुमा छात्रवृत्ति व्यवस्थापनको लागि नगरपालिकाले सूचना प्रकाशित गर्न सक्नेछ ।

ग) यो कार्यविधि कार्यान्वयनको क्रममा  बाधा अड्काउ पर्नआएमा नगरपालिकाले आवश्यक आदेश जारी गर्न सक्नेछ ।

७.१.९ कार्यविधि संसोधन

क) यस कार्यविधिमा नगरपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ।

अनुसूची १

विद्यार्थीले आवेदन दिने ढाँचा

१. विद्यार्थीको नामः

२. विद्यार्थीको हाल बसोबास गर्दै आएको ठेगानाः क) प्रदेश नं. ख) जिल्लाः

ग) स्थानियतह्को नामः घ) वडानं. ङ) गाउँटोलः

३. अभिभावकको नाम थर

क) बाबुको नाम, थरः ख) पेशाः

ग) आमाको नाम, थरः घ) पेशाः

४. विद्यार्थी वा निजको अभिभावकको मोवाइल नम्बर

५. यस अघि कुनै छात्रवृत्ति पाएन पाएकोः

६. आवेदन दिन चाहेको कक्षाः

७. अघिल्लो कक्षाको उत्तिर्ण प्रतिशत वा जिपिएः

८. एस.इ.इ.को सिम्बोल नम्बर ( कक्षा एघारको लागि मात्र)

९. कक्षा एघारमा अध्ययन गर्न चाहेको विषय समुह ( कक्षा एघारको लागिमात्र )

१०. स्नातक तहमा अध्ययन गरेको विषयः

११. एकाघर सगोलमा रहेको परिवारको कुनै सदस्यको पेशा, व्यवसाय वा नोकरी भएवा नभएकोः

१२. गरिवी परिवार परिचयपत्र भए वा नभएकोः

१३.भूमि सम्बन्धि ऐन, २०२१ बमोजिम जग्गा वालाको हैसियतले राख्न पाउने अधिकतम हदबन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमशः पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको वा नरहेकोः

१४.आफुले कुन समुहबाट आवेदन दिन चाहेको हो (कुनै एक कोठामा रेजा चिन्ह लगाउनुहोस)

क) जेहेन्दार ख) विपन्नता

ग) महिला घ) अपङ्गता

ङ) दलित च) जनजाति

छ) जनआन्दोलन को घाइते ज) वेपत्ता परिवार

झ) मधेश आन्दोलनको घाइतेको सन्तति ञ) शहिद परिवार

१५. विद्यार्थीको परिवारको अनुमानित वार्षिक आयः

माथि उल्लेखित व्यहोरा ठिक साँचो छन्, फरक परे कानून बमोजिम सहुँला, बुझाउँला।

आवेदन अभिभावकको दस्तखतः

मितिः हाल अध्ययनरत विद्यालयको, विश्वविद्यालय नाम र ठेगानाः

इति वि.स........महिना........गते.......रोज................शुभम।

अनुसूची २

(आवेदन साथ पेशगर्नु पर्नु कागजातहरुको विवरण )

१.अघिल्लो कक्षा उत्तिर्ण गरेको लब्धांकपत्र र चारित्रिक प्रमाण पत्रको प्रतिलिपी.

२.जन जाति, दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रसासन कार्यालयको सिफारिसको प्रतिलिपी,

३.वेपत्ता परिवार, शहिद, जनआन्दोलनका घाइते, मधेश आन्दोलनका घाइतेको हकमा गृहमान्त्रालय वा सम्बन्धित जिल्ला प्रसासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपी,

४. विपन्नता वा गरिवीको हकमा गरिवी परिचय पत्रको प्रतिलिपी वा सो नभएको अवस्थामा स्थानीय तहले व्यहोरा खुलाई दिएको सिफरिसको सक्कलै पत्र,

५. विद्यार्थी स्थायीरुपमा वसोवास गर्दैआएको वडा कार्यालयको सिफारिस पत्र।

६. भर्ना भएको रसिदको प्रमाणित नक्कल

अनुसूचि ३

d~h'/Lgfdf

d========================= ;'gjnjf= g=

lgjf;L=====================gflt=========================

======5f]/f÷5f]/L ============>L

=============================ljBfno÷ SofDk;dfcfWog/t

=============================== o; ;'gjngu/kflnsfn]

pknAw u/fpg] 5fqjQL k|fKtePdfcWoog k'/f ePkZrftpknAw

u/pg] 5fqj[QL tf]lsPsf] ;+ljwfgdftf]sLPsf] If]qdfsfd ug{

d~h'/L 5' . oflbtf]lsosf] If]qdfsfdgu/]sf 5fqj[QL

jfktkfPsf] /sdcWoog ;s]sf] ! jif{ leqdfgu/ ljBfyL{

;xfotfsf]ifdf /sdhDdf ug{ d~h'/ 5' .

cleefjssf] ;lx ljBfyL{

;lxM

gu/5fqj[qL ;ldltsfcWoIf M

/f]xf]j/ M

/f]xf]j/ M